# मानेभन्ज्याङ गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ,ओखलढुङ्गा
कोशी प्रदेश,नेपाल

पत्र संख्या: ०८०/८१
चलानी नम्बर: 9643

मितिः २०८०/१२/१४
ने.सं. ११४४, चिल्लागा, २, बुधबार

श्री सामुदायिक विद्यालयहरू सबै,
मानेभन्ज्याङ गाउँपालिका, ओखलढुङ्गा ।

विषयः विद्यालय सञ्चालन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस मानेभन्ज्याङ गाउँपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरूमा २०८०/१२/२ गते देखि ९ सम्म वार्षिक परीक्षा सञ्चालन भए पश्चातको यस समयमा शिक्षक शिक्षिकाहरू सार्वजनिक विदा सो सरह गरी विद्यालयमा अनुपस्थित रहने गरेको र सोको कारण विद्यालयमा शैक्षिक गतिविधि सञ्चालनमा बाधा पुगेको जन गुनासो प्राप्त हुने गरेकाले यस अवधिमा शिक्षक शिक्षिकाहरू विद्यालयमा नियमित उपस्थित भई तपसिलका कार्यहरू गर्न गराउनुहुनको लागि अनुरोध छ । अन्यथा नियमानुसार हुने जानकारी गराइन्छ ।

तपसिलः

- उत्तरपुस्तिका परीक्षण गर्ने,
- अभिभावक भेला गरी नतिजा प्रकाशन गर्ने,
- नतिजाको विश्लेषण गर्ने,
- चालु शै.स. २०८० को समिक्षा गर्ने,
- वार्षिक कार्ययोजना तथा शैक्षणिक योजान निर्माण गर्ने,
- विद्यार्थी भर्ना अभियानका योजनाहरू निर्माण तथा तयारी गर्ने,
- स्टाफ मिटिङ बसि शिक्षण सिकाई योजना निर्माण गर्ने,
- शिक्षण सिकाईमा ICT को प्रयोग विषयमा छलफल गरी योजना बनाउने,
- Low cost र No Cost मूल्यका शैक्षिक सामाग्री निर्माण गर्ने गराउने,
- नयाँ शैक्षिक सत्र २०८१ को Routine बनाउने,
- पालिकाले सञ्चालन गर्ने नि.मा.वि. तथा मा.वि. शिक्षक तालिममा अनिवार्य उपस्थित हुने,
- विद्यालयको शैक्षिक उन्नयनका लागि अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।

२०८०/१२/१४
अरुण अतिवडा
शिक्षा शाखा प्रमुख

वोधार्थः श्री सूचना प्रविधि शाखाः वेवसाइड तथा फेसबुक पेजमा अपलोड गरिदिनु ।